# स्वास्थ्य संस्थाहरुको ल्याव सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ्ग

कटहरी गाउँपालिका

# स्वास्थ्य संस्थाहरुको ल्याव सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावनाः**

कटहरी गाउँपालिका अन्तर्गतका थलाहा र कटहरी स्वास्थ्य चौकीमा स्थापना भई सञ्चालनमा रहेका ल्याव सञ्चालनका लागि कर्मचारी परिचालन गर्ने, केमिकल लगायत वित्तिय व्यवस्थापन, उपकरण, औजार, गुणस्तरीय सेवा सहित निरन्तर सेवा प्रवाह प्रदान गर्न वाञ्छनिय भएकोले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** "यस कार्यविधिको नाम (१) :- स्वास्थ्य संस्थाहरुको ल्याव सञ्चालन तथा व्यवस्थापन कार्यविधि" २०७९ रहेको छ ।

(२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले कटहरी गाउँपालिका, कटहरी मोरङ्गलाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले कटहरी गाउँ कार्यपालिका कटहरी मोरङ्गलाई सम्झनु पर्दछ ।

(ग) "स्वास्थ्य संस्था" भन्नाले आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरुलाई सम्झनु पर्दछ ।

(घ) "ल्याव" भन्नाले प्रयोगशाला सेवा प्रदान गरिने ठाउँ सम्झनु पर्दछ ।

(ङ) "सेवाग्राही" भन्नाले प्रयोगशालामा विभिन्न सेवा लिन आउँने विरामी तथा लाभग्राहीहरु लाई सम्झनु पर्दछ ।

(च) "केमिकल" भन्नाले प्रयोगशालामा प्रयोग हुने केमिकललाई लाई सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्देश्य- (१)** गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा हाल सञ्चालनमा रहेका ल्यावहरुलाई स्रोत साधन सम्पन्न बनाई निरन्तर गुणस्तरीय सेवा प्रदान गर्ने र ल्याव सेवालाई गाउँपालिका भरी विस्तारित कार्यक्रमको रुपमा अगाडी बढाउने ।

(२) ल्याव सेवाको पहुँच विस्तार तथा सर्वसुलभ बनाउने ।

(३) ल्याव सेवा मार्फत आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन तथ्यमुखी आवश्यक उपचार सेवा प्रदान गर्ने ।

(४) विभिन्न सर्ने तथा नसर्ने रोगहरुको समयमै पहिचान गरी उपचारको दायरामा ल्याउने ।

देवराज चौधरी
अध्यक्ष

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं. १, नेपाल

देवराज चौधरी
अध्यक्ष

**४. वित्तीय स्रोतः** (१) यस गाउँपालिकामा संकलन हुने आन्तरिक आम्दानी वा समानिकरण अनुदान वा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट गाउँसभा/कार्यपालिकाको निर्णय अनुसार ल्याव सञ्चालनको लागि आवश्यक पर्ने वित्तिय व्यवस्थापन गरिनेछ।

**५. सञ्चालन तथा व्यवस्थापन खर्च सम्बन्धी व्यवस्था:** (१) यस गाउँपालिका भित्र हाल सञ्चालित ल्यावहरुमा कार्यरत कर्मचारीहरुको तलव भत्ता वापतको रकम निज कर्मचारीहरुसँग सेवा करार सम्झौता गरी ल्यावका कर्मचारीहरुको पारिश्रमिक शिर्षकमा विनियोजित रकमबाट कार्यलयले मासिक रुपमा भुक्तानी गरिने छ। छ महिना भन्दा बढी सेवा करारमा रही काम गर्ने ल्यावका कर्मचारीहरुको हकमा एक महिना तलव बराबरको चाडवर्प खर्च उपलब्ध गराइने छ।

(२) ल्यावमा काम गर्ने कर्मचारीहरुको तलव स्वास्थ्य सेवा सहायक चौथो तहले पाउने न्यूनतम तलव स्केल बराबर हुनेछ।

(३) ल्याव सेवा प्रदान गरे वापत स्वास्थ्य संस्थाले अनुसूची १ बमोजिम उल्लेखीत दरमा सेवा शुल्क आन्तरिक आम्दानीको रुपमा उठाउनु पर्ने छ र सो रकम मासिक रुपमा गाउँपालिकाको सञ्चित खातामा दाखिला गर्नुपर्ने छ। निर्धारण गरिएको सेवाको किसिम र रकम गाउँपालिकाले जारी गरेको आम्दानी रसिद प्रयोग गरि ल्याव सेवा शुल्क उठाउनुपर्नेछ।

**६.सेवामा छुट तथा प्राथमिकता सम्बन्धी व्यवस्था:** (१)अपाङ्गता भएका व्यक्ति, ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई अनुसूची १ मा तोकिएको दरमा ७० प्रतिशत छुट ५ वर्ष मुनिका वालवालिकाहरुलाई र गर्भवती महिलाहरुलाई तोकिएको ए एन सी प्याकेजमा शत प्रतिशत छुट दिइनेछ।

कटहरी गाउँपालिका भित्रका स्थायी वासिन्दाको हकमा छुट पाउँन नागरिकताको फोटोकपि, ५ वर्ष मुनिका वालवालिकाहरुको हकमा जन्म दर्ताको फोटोकपी अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचय पत्रको फोटोकपी र गर्भवती महिलाको हकमा पूर्व प्रशूति जाँच गरेको कार्ड र ओ पि डि टिकटको फोटोकपि अनिवार्य पेश गर्नु पर्ने छ।

**७. कर्मचारी पदपूर्तिः** (१) ल्यावमा काम गर्ने कर्मचारी नियुक्तिका लागि कटहरी गाउँपालिकाले गाउँपालिकाको प्राविधिक कर्मचारी करारमा भर्ना गर्ने कार्यविधि २०७५ बमोजिमको प्रक्रिया पूरा गरी सेवा करारमा कर्मचारी नियुत्ति गरिने छ। यसरी प्राविधिक कर्मचारी करारमा भर्ना गर्ने कार्यविधि २०७५ एकपटक नियुक्त भई सकेका कर्मचारीहरुलाई कार्य सम्पादन मूल्याङकनका आधारमा म्याद थप गर्न सकिने छ।

**८. औजार उपकरण र केमिकल सम्बन्धी व्यवस्था**

(१) ल्यावमा आवश्यक पर्ने औजार,उपकरण, केमिकल लगायतका सामाग्रीहरुको व्यवस्थापन कार्यपालिका कार्यालय स्वास्थ्य शाखाले स्वीकृत कार्यक्रममा विनियोजित रकममध्येबाट गर्नुपर्नेछ।

**९. सेवा उपलब्ध गराउँनु पर्ने लाभग्राहीहरु** (१) कटहरी गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा सेवा लिन आएका मध्ये स्वास्थ्यकर्मीले आवश्यक जाँचका लागि सिफारिस गरेका सम्पूर्ण सेवाग्राहीहरु।

(२) यो कार्यविधि पारित भए पश्चात मात्र कार्यविधि वमोजिम सेवा प्रवाहका लागि सम्बन्धित कार्यालयहरुलाई कार्यान्वयनका लागि निर्देशन प्रदान गरिने छ।

देवराज चौधरी
अध्यक्ष

CamScanner

(३) गाउँपालिका भित्रका अन्य निजि तथा संस्थागत स्वास्थ्य संस्थाबाट ल्याव जाँचका लागि सिफारिस भई आएमा समेत सेवा प्रदान गर्नुपर्ने छ ।

**१०. समन्वय कार्य गर्नु पर्ने:** ल्याव सञ्चालन तथा व्यवस्थापनका लागि स्थानीय सरोकारवाला गाउँपालिका भित्रका, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु तथा सामुदायिक संघ संस्थाहरुसँग समन्वय गरी सञ्चालन तथा व्यवस्थापनको व्यवस्था मिलाउनुपर्नेछ ।

**१२. अन्य व्यवस्था:** (१) अनुसूचीमा उल्लेख गरिएको भन्दा वढी ल्याव सेवा उपलब्ध गराउन बाध्य हुनेछैन ।

(२) यस कार्यविधि बमोजिम लिनुपर्ने शुल्क नलिई ल्याव सेवा उपलब्ध गराएको पाइएमा सम्बन्धित ल्याव सेवा प्रदान गर्ने ल्यावको कर्मचारीको तलवभत्ताबाट सो बराबरको रकम असुल उपर गरी प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

(३) ल्याव सेवा सम्बन्धित स्वास्थ्य संस्था अन्तर्गत रहेको स्वास्थ्य संस्था व्यवस्थापन समिति मार्फत सञ्चालन गर्नुपर्नेछ । स्वास्थ्य संस्थाको सञ्चालनमा रहेको ल्यावको सम्पूर्ण व्यवस्थापन गाउँपालिका स्वास्थ्य शाखाको समन्वयमा सम्बन्धीत स्वास्थ्य चौकी प्रमुखले गर्नुपर्नेछ । ल्याव सेवाको निरन्तरता गुणस्तरीयता र प्रभावकारीता कायम गर्न स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्य चौकी प्रमुख र अन्य कर्मचारीहरु समेतको जिम्मेवारी तथा कर्तव्य हुनेछ ।

(४) ल्याव सेवा सम्वन्धी मासिक प्रगति प्रतिवेदन स्वास्थ्य संस्था प्रमुखले स्वास्थ्य शाखामा मासिक रुपमा पेश गर्नुपर्नेछ ।

**१३. प्रोत्साहन सम्बन्धी व्यवस्था:** ल्याव सेवा प्रदान गरेवापत कार्यालयले खुद संकलन गरेको रकमको १० प्रतिशत रकम सेवा प्रदायक ल्यावका कर्मचारीलाई चौमासिक वा वार्षिकरुपमा गाउँपालिकाको चालु तर्फका उपयुक्त वजेट शिर्षकबाट प्रोत्साहन स्वरुप उपलब्ध गराईने छ ।

**१४. प्रभाव अध्ययन:** गाउँपालिका भित्र सञ्चालन हुने ल्यावहरुको प्रत्येक वर्ष अनिवार्यरुपमा प्रभाव मूल्याङ्क गराउँनु पर्ने छ । यसरी गरिएको मूल्याङ्कनबाट प्राप्त सिकाईहरुलाई आगामी वर्षमा पृष्ठपोषणका रुपमा लिने पद्धतिको विकास गर्नु पर्नेछ ।

**१५. पारदर्शिता सम्बन्धी व्यवस्था:** (१) ल्याव सेवा मार्फत प्रदान गरिने सेवाको विवरण र सो वापतको शुल्क सहितको सूचना खुल्ने गरि नागरिक वडापत्र राख्नु पर्ने छ ।

**१६.अनुगमन मूल्याङ्कन** (१) गाउँ कार्यपालिकाको कार्यालयका कार्यालय प्रमुख, स्वास्थ्य संयोजक वा कार्यालयको निर्देशित संयन्त्रले जुन सुकै बेला ल्याव सेवाको अनुगमन कार्य गर्न सक्नेछ ।

**१७. अनुगमन कार्यमा अबलम्बन गर्नुपर्ने:** (१) कुनै अनियमितता देखिएमा सुधार गर्न सकिने भएमा तत्काल सुधार गर्न लगाउने,

(२) कुनै अनियमितता देखिई सुधार गर्न नसकिने देखिएमा के कति रकमको अनियमितता भएको हो सो रकम बराबर असूल उपर गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(३) अनुगमनको क्रममा देखिएका तथ्यको आधारमा कार्यक्रमको प्रभावकारीता, पहुँच तथा समस्याको पहिचान तथा समाधान सहित सम्बन्धित निकायमा सुझाव सहित प्रतिवेदन पेश गर्ने ।

देवराज चौधरी
अध्यक्ष

CS CamScanner

**१८.अभिलेख तथा प्रतिवेदनः** (१) यस कार्यक्रमले निर्धारित गरेको सम्पुर्ण प्रमाणहरुको सम्बन्धित स्वास्थ्य संस्थामा एक प्रति प्रतिलिपि सुरक्षितसाथ राख्नु पर्नेछ ।

(२) मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित स्वास्थ्य संस्थाले गाउँपालिकामा सोको प्रगति प्रतिवेदन दिनु पर्नेछ ।

**१९. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**२०. परिमार्जन तथा संशोधनः** यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

CamScanner

गाउँपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं. १, नेपाल

अनूसुची -१

कार्यविधिको दफा ५ (३) सँग सम्बन्धित

| क स | उपलब्ध सेवाको विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | CBC | १५० | |
| २ | WBC Count | ८० | |
| ३ | RBC Count | १०० | |
| ४ | Hemoglobin | ५० | |
| ५ | ESR | ५० | |
| ६ | Blood Grouping | ५० | |
| ७ | Ra Factor | १५० | |
| ८ | VDRL | १५० | |
| ९ | Semen Analysis | १५० | |
| १० | Blood Sugar F/PP/R | ३० | |
| ११ | Blood Urea | १२५ | |
| १२ | Uric Acid | १२५ | |
| १३ | Creatinine | १२५ | |
| १४ | Bilirubin | १०० | |
| १५ | WIDAL | १५० | |
| १६ | Stool R/E | ३० | |
| १७ | Urine R/E | ३० | |
| १८ | Occult Blood | ८० | |
| १९ | B.T | ६० | |
| २० | C.T | ६० | |
| २१ | Malaria | नि:शुल्क | |
| २२ | Sputum For AFB | नि:शुल्क | |
| २३ | ANC Package | नि:शुल्क | |
| २४ | CRP | २०० | |
| २५ | Total Cholesterol | १५० | |
| २६ | TG | २०० | |
| २७ | HDL Cholesterol | १५० | |
| २८ | LDL Cholesterol | १५० | |
| २९ | Pregnancy Test (HCG) | ४० | |
| ३० | HIV Test | नि:शुल्क | |
| ३१ | Sodium | २०० | |

जयराज चौधरी
अध्यक्ष

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं. १, नेपाल

देवराज चौधरी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | Potassium | २०० | |
| ३२ | PCV | ४० | |
| ३३ | AEC | १०० | |
| ३४ | Urine Bile Pig | ४५ | |
| ३५ | Urobilinigen | ४५ | |
| ३६ | Acetone | ७० | |
| ३७ | Urine Sugar | २० | |
| ३८ | Occult Blood | ८० | |
| ३९ | Calcium | २०० | |
| ४० | SGOT | १०० | |
| ४१ | SGPT | १०० | |
| ४२ | ALK | १०० | |
| ४३ | T Protein | १०० | |
| ४४ | Albumin | १०० | |
| ४५ | LFT | ३०० | |
| ४६ | Lipid | ३५० | |
| ४७ | Triglyceride | २५० | |
| ४८ | VLDL | १०० | |
| ४९ | ASO Titre | २५० | |
| ५० | HBsAg | १५० | |
| ५१ | HCV | २५० | |
| ५२ | RPR | १०० | |
| ५३ | K 39 | नि:शुल्क | |
| ५४ | MP RDT | नि:शुल्क | |

देवराज चौधरी
अध्यक्ष

आज्ञाले,
रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner